EMBASSY OF NEPAL
2730 34TH PLACE N.W.
WASHINGTON, D.C. 20007

# कोभिड-१९ को सन्दर्भमा कन्सुलर सेवा सम्बन्धी जरुरी सूचना

**२०७७ माघ ९ (जनवरी २२, २०२१)**

**कन्सुलर सेवा सम्बन्धी पछिल्लो व्यवस्थाः**

**१) हुलाक (Mailing Services) मार्फत दिईने सेवा:** वर्तमान सन्दर्भमा **निम्न लिखित** कन्सुलर सेवाहरु अर्को सूचना जारी नभएसम्मका लागि हुलाकमार्फत प्रदान गरिनेछः **भिषा, ट्राभल डकुमेन्ट, प्रमाणीकरण, गैरआवासीय नेपाली परिचयपत्र****, **राहदानी** (पहिले एम.आर.पी. लिइसकेकालाई मात्र)।

****ध्यानाकर्षणः विशेष प्राविधिक कारणले गर्दा हाललाई गैरआवासीय नेपाली परिचय पत्र जारी गर्ने कार्य अर्को सूचना प्रकाशित नभएसम्मको लागि स्थगित गरिएको छ।**

**२) आफै उपस्थित भई लिन सकिने सेवाहर निम्न लिखित सेवा:** प्राप्त गर्न दूतावासमा पहिलेनै समय निश्चित गरेर मात्र आफै उपस्थित हुनुपर्नेछः **अधिकृत वारेसनामा र Live-Enrollment राहदानी** (पहिलो पटक एमआरपी आवेदक/ हालसम्म पनि हस्तलिखित राहदानीमात्र हुनेहरुलाई अनिवार्य)। साथै, अन्य अति आवश्यक कामको लागि अग्रिमरुपमा समय निश्चित गरेर मात्र दूतावासमा भेटघाटको लागि आउन सकिनेछ।

****ध्यानाकर्षणः**
कुनै पनि सेवाको लागि दूतावासमा निवेदन पेश गर्नुअघि दूतावासको वेबसाईट https://us.nepalembassy.gov.np/ को **'Consular Services'** मेनुभित्र रहेका सूचानाहरु राम्ररी पढी आवश्यक कागजातहरु तयार गरी **'submit your details here'** लिङ्कमा आफ्नो निवेदनको व्यहोरा भरी सेवाको लागि अनिवार्यरुपमा दर्ता हुनुपर्नेछ र यसै लिङ्कमार्फत अग्रिम समय पनि लिन सकिनेछ। तत्पश्चातमात्र आवेदन फाराम भर्नुपर्नेछ।

दूतावासमा प्राप्त हुने निवेदन र प्राप्त कागजातहरु पूरा भएमा कुनै पनि कन्सुलर सेवाहरु प्रदान गर्न र कागजातहरु हुलाकमार्फत फिर्ता पठाउन सामान्यतः ३ देखि ५ कार्यदिन लाग्न सक्नेछ। तथापि, सेवाग्राही रहेको स्थानको दूरी र सेवाग्राहीले प्रयोग गर्ने हुलाक सेवा (Mailing Services) को आधारमा दूतावासबाट जारी हुने कागजात सेवाग्राहीको हात पर्न अझ बढि समय लाग्नसक्नेछ।

**भिषा सम्बन्धी पछिल्लो व्यवस्थाः**

**३) आगमन बिन्दुमा भिषा (Visa on Arrival) पाउनेहरुः** नेपालको अध्यागमन विभागको 5 माघ २०७७ (जनवरी 1८, 202१) को सूचना अनुसार निम्न बमोजिमका यात्रुहरुले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आगमन भिषा प्राप्त गर्न सक्नेछन्ः

क. कूटनीतिक/औपचारिक राहदानी वाहक तथा UN Laissez-Passer वाहक,
ख. नेपालमा रहेका UN Agencies तथा अन्य अन्तराष्ट्रिय संस्थामा कार्यरत बिदेशी,
ग. नेपाली मुलका विदेशी (राहदानीमा जन्मस्थान **'नेपाल'** उल्लेख भएको) र गैरआवासीय नेपाली परिचयपत्र वाहक।

आगमन भिषाको लागि यात्रा शुरु गर्नुअघि अध्यागमन विभाग, नेपालको वेबसाईट https://nepaliport.immigration.gov.np/on-arrival/IO01 मा गई Online Application फाराम भरी त्यसको Submission Number उल्लेख भएको प्रिन्टेड कपि साथमा लिई गएमा नेपाल प्रवेश बिन्दुमा भिषा लिन समय कम लाग्नेछ।
****ध्यानाकर्षणः** तथापी, भिषा नभएका सबै विदेशीले नेपाली राजदूतावास वा नेपाली कन्सुलेटबाट भिषा लिएर मात्र यात्रा गर्नुहुन दूतावास विशेष अनुरोध गर्दछ।

**४) अन्य विदेशी नागरिकहरुले दूतावासबाट भिषा प्राप्त गर्नुपर्ने:** माथि नं (३) मा उल्लेखित विदेशी नागरिक बाहेक अन्य बिदेशी नागरिकहरुले दूतावास वा नेपाली कन्सुलेटबाट भिषा लिनुपर्नेछ। भिषाको फाराम भर्नुअघि वेबसाईटको भिषा सम्बन्धी पेजमा रहेको लिङ्क (**'submit your details here'**) मा आफ्नो निवेदनको व्यहोरा अनिवार्यरुपमा भर्नुपर्नेछ।

EMBASSY OF NEPAL
2730 34TH PLACE N.W.
WASHINGTON, D.C. 20007

भिषा आवेदनको लागि दूतावासको वेबसाईटमा रहेको लिङ्क https://us.nepalembassy.gov.np/tourist-visa/ मार्फत अनलाईन फाराम भरी सोको submission receipt, राहदानी, भिषा शुल्कबापत 'Embassy of Nepal, Washington D.C.' को नाममा तयार पारेको Money Order र पैसा तिरिसकेको फिर्ति खाम हुलाकमार्फत दूतावासमा पठाउनु पर्नेछ।

**५) कोभिड-19 नेगेटिभ रिपोर्ट आवश्यक पर्ने:** नेपाल यात्रा गर्ने सबैले यात्रा शुरु गर्नु अघि ७२ घन्टाभित्र प्राप्त गरेको आफ्नो **PCR** परिक्षण **Negative Report** (RT-PCR/Gene Xpert/True NAAT or equivalent) साथमा राख्नुपर्नेछ। ५ वर्ष भन्दा मुनिका बालबालिकाहरुको हकमा PCR Report आवश्यक पर्नेछैन। PCR Report लगायतका विषयमा हवाई सेवा कम्पनी (Airlines) को अन्य थप व्यवस्था (Requirement) हुनसक्ने भएकोले आफ्नो हवाई सेवा कम्पनी (Airlines) वा ट्राभल एजेन्टसँग पुनः बुझेर मात्र विमानस्थल जानुहुन अनुरोध गरिन्छ। नेपाल प्रवेश गर्ने सबै यात्रुहरुले नेपाल प्रवेश गरेको दिन देखि वा कोभिड-१९ संक्रमित व्यक्तिको संपर्कमा आएको दिनदेखि **कम्तिमा १० दिन अनिवार्य क्वारेन्टिनमा बस्नुपर्ने,** तथा संक्रमण पुष्टि भएपछि **कम्तिमा १० दिन अनिवार्य आईसोलेसनमा बस्नुपर्ने** लगायत नेपाल सरकारले लागू गरेको स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

**६) नेपाल यात्रा अगाडि तोकिएको फाराम अनिवार्यरुपमा भर्नुपर्नेः** नेपाल यात्रा गर्नु अगाडि सम्पूर्ण यात्रुहरुले https://ccmc.gov.np/arms/person_add.php लिङ्कमा गई **"International Traveller Arrival Form"** अनिवार्य रुपमा भरी बारकोड सहितको प्रिन्ट वा डिजिटल निस्सा आफ्नो साथमा राखी यात्रा गर्नुपर्नेछ।

*****ध्यानाकर्षण:*****

*सबै सेवाग्राहीहरुलाई कन्सुलर सेवा सम्बन्धी सोधपुछका लागि टेलिफोन भन्दा ईमेल प्रयोग गर्नुहुन अनुरोध गरिन्छ, र यसकालागि दूतावासको ईमेल ठेगाना consular@nepalembassyusa.org मा मात्र सम्पर्क गर्नुहुने समेत अनुरोध गरिन्छ।*

*** यात्राको क्रममा आउनसक्ने झन्झटलाई ध्यानमा राखी दूतावासबाटै भिषा लिएर मात्र यात्रा शुरु गर्नुहुन सबै विदेशी नागरिकहरु लाई अनुरोध गरिन्छ।*

*** हुलाक(Post Mail)मार्फत वा स्वयं उपस्थित भई दूतावासमा कुनै आवेदन पेश गर्नुअघि सम्बन्धित कन्सुलर सेवा पृष्ठमा देखा पर्ने लिंक "**submit your details here**" मार्फत विवरण भरी सेवाका लागि दर्ता हुन अनुरोध गरिन्छ। यसरी विवरण नभरेसम्म यथासमयमा सेवा प्रवाह गर्न कठिनाई हुने व्यहोरा समेत अनुरोध गरिन्छ।*

***